उत्तरगया गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः८ संख्याः २ मितिः २०८१/०४/०१

## भाग-२

## एकल महिलाहरुको समिति, संजाल गठन तथा परिचालन सम्बन्धी कार्यविधि, २०८१

**प्रस्तावनाः** यस उत्तरगया गाउँपालिका क्षेत्रभित्र स्थायी रुपमा बसोबास गरेका एकल महिलाहरुको सचेतना अभिवृद्धि गरी क्षमता विकास गराई हरेक व्यक्तिहरुसँग प्रतिस्पर्धा गरेर श्रेष्ठता हासिल गराई सक्षम नागरिक तयार गर्न आवश्यक महशुस गरी एकल महिलाहरुलाई समेटी उत्तरगया गाउँपालिकाका ५ वटै

वडाका सम्पुर्ण एकल महिलाहरुको सहभागितामा उत्तरगया गाउँपालिकास्तरीय संजाल गठन गरी परिचालन गर्न आवश्यक ठानी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी उत्तरगया गाउँपालिकाद्धारा यो कार्यविधि तर्जुमा गरी लागू गरिएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

,एकल महिलाहरुको समिति" यस कार्यविधिको नाम (क) ,संजाल गठन तथा परिचालन सम्बन्धी कार्यविधि "२०८१ रहेको छ ।

(ख) यस कार्यविधि उत्तरगया गाउँपालिकाको कार्यपालिका बैठकले पारित गरेको मितिबाट लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "कार्यालय" भन्नाले उत्तरगया गाउँपालिका कार्यालयलाई सम्झनु पर्दछ ।

(ख) " कार्यपालिका" भन्नाले उत्तरगया गाउँ कार्यपालिकालाई सम्झनुपर्दछ ।

(ग) "एकल महिला" भन्नाले यस गाउँपालिकाभित्र स्थायी रुपमा बसोवास गरेका श्रीमानको मृत्यु भएका विधवा/पैतिस वर्ष उमेर पूरा गरेकी अविवाहीत महिला/पाँच वर्ष भन्दा बढी समयदेखि पतिसँग अलग बसेकी महिला/अंशवण्डा गरी वा मानो छुट्टिई पतिसँग अलग बसेकी महिला/सम्बन्ध विच्छेद भएका नेपाली महिलाहरुलाई सम्झनुपर्दछ ।

(घ) "वडास्तरीय समिति "भन्नाले यस गाउँपालिकाभित्र रहेका ५ वटै वडाहरुमा सम्बन्धित वडामा स्थायी बसोबास गरेका दफा२(ग) बमोजिमका महिलाहरुलाई दफा ३.१ बमोजिम गठन गरेको समितिलाई सम्झनुपर्दछ ।

(ङ) "गाउँपालिकास्तरीय संजाल" भन्नाले यस गाउँपालिका भित्र रहेका ५ वटै वडाहरुमा दफा ४.२ बमोजिम गठन भएका संजाललाई सम्झनुपर्दछ ।

(च) "संरक्षक" भन्नाले यस उत्तरगया गाउँपालिकाको सामाजिक विकास समितिलाई सम्झनुपर्दछ ।

(छ) "अध्यक्ष" भन्नाले यस कार्यविधि बमोजिम गठन हुने वडास्तरीय समिति र गाउँसंजालका प्रमुखलाई सम्झनुपर्दछ ।

(ज) "उपाध्यक्ष" भन्नाले यस कार्यविधि बमोजिम गठन हुने वडा समिति र गाउँसंजालका उप-प्रमुखलाई सम्झनुपर्दछ ।

(झ) "सचिव" भन्नाले यस कार्यविधि बमोजिम गठन हुने वडा समिति र गाउँसंजालको सचिवको कार्य गर्न तोकिएको व्यक्तिलाई सम्झनुपर्दछ ।

(ञ) "कोषाध्यक्ष" भन्नाले यस कार्यविधि बमोजिम गठन हुने वडा समिति र गाउँसंजालको कोषाध्यक्ष भई लेखाको कार्य गर्ने व्यक्तिलाई सम्झनुपर्दछ ।

## परिच्छेद- २

## वडास्तरीय समिति तथा गाउँसंजाल सम्बन्धी व्यवस्था

**३. वडास्तरीय एकल महिला समिति गठनः**(१) यस उत्तरगया गाउँपालिकाको वडाभित्र स्थायी रुपमा बसोवास गरेका नेपाली नागरिक एकल महिलाहरुको भेलाबाट वडास्तरीय समिति निम्न बमोजिम गठन गरिनेछ ।

वडा समिति गठन

| | |
|---|---|
| अध्यक्ष | १जना |
| उपाध्यक्ष | १ जना |
| सचिव | १ जना |
| कोषाध्यक्ष | १ जना |

| | |
|---|---|
| सदस्यहरु | ३ देखि ५ जना सम्म |

समितिको सल्लाहकारमा वडास्तरीय महिला संजालका सदस्यहरु मध्येबाट १ जनालाई राख्न सकिनेछ ।

(२)दफा ३.१ बमोजिम गठन भएको वडा समितिको कार्यकाल ३ वर्षको हुनेछ ।

४. **गाउँपालिकास्तरीय एकल महिला संजाल गठनः** (१) उत्तरगया गाउँपालिकाका ५ वटै वडाका एकल महिलाहरुको प्रतिनिधित्व हुने गरी एक गाउँपालिकास्तरीय एकल महिला संजाल गठन गरिनेछ ।

(२) उपदफा ४.२ बमोजिम गठन भएको गाउँसंजालको बैठक बसी बैठकको निर्णयबाट तपशिल बमोजिमको पदाधिकारी चयन गरिनेछ ।

एकल महिला गाउँ संजाल गठन

| | |
|---|---|
| अध्यक्ष | १ जना |
| उपाध्यक्ष | १ जना |
| सचिव | १ जना |
| कोषाध्यक्ष | १ जना |
| सदस्य | ५ देखि ७ जना सम्म |

समितिको सल्लाहकारमा गाउँपालिकाको सामाजिक विकास समितिका संयोजक तथा गाउँसंजालका सदस्यहरु मध्येबाट १ जना राख्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिम गठन भएको गाउँपालिकास्तरीय संजालमा समावेशी हिसाबले महिलाको प्रतिनिधित्व नभएमा संजालको बैठकद्धारा सदस्य महिलाहरुलाई मनोनित गर्न सकिनेछ ।

(४) उपदफा ४.२ बमोजिम गठन भएको गाउँसंजालको कार्यकाल ३ वर्षको हुनेछ ।

**५. <u>संजालको बैठक र निर्णयः</u>**

(१) संजालको बैठक कम्तीमा ६ महिनामा एक पटक वा सो भन्दा बढी आवश्यकता अनुसार पनि बस्न सकिनेछ ।

(२) अध्यक्षले तोकेको मिति, समय र स्थानमा बैठक बस्नेछ ।

(३) संजालको बैठक हुनु भन्दा कम्तीमा चौविस घण्टा अगावै छलफल हुने विषयको कार्यसूचि सहितको सूचना सचिवले सम्पूर्ण सदस्यहरुलाई दिनेछ ।

**६. <u>वडा समितिको काम, कर्तव्य र अधिकारः</u>**

(१) दफा ३.१ बमोजिम गठन भएको वडा समितिले एकल महिलाहरुको सचेतना अभिवृद्धि गराई सक्षम नागरिक

तयार गर्ने, क्षमता विकास र सिपमूलक तालिम संचालन गर्ने ।

(२) वडास्तरमा रहेका एकल महिलाहरुको उमेर पहिचान गरी उमेरगत रुपमा क्षमता विकास तथा सिप विकास तालिममा सहभागी गराउने ।

(३) गाउँपालिका तथा वडास्तरमा विनियोजन बजेट शिर्षक मार्फत सबै एकल महिलाहरुलाई सहभागी गराई क्षमता विकास, आय आर्जन गर्ने सिपमूलक तालिम, गोष्ठी प्रशिक्षण कार्यक्रममा सहभागी गराउने ।

(४) अन्य संघसंस्थाहरुबाट सम्बन्धित लक्षित वर्ग(एकल महिला) हरुलाई कुनै क्षमता विकास तथा आयआर्जनका कार्यक्रम गर्न सहयोग प्राप्त भएमा सहभागी हुने ।

(५) कार्यक्रम तथा योजनामा सहभागी गराउदा गरिब, विपन्न वर्गका तथा व्यवसायमा निरन्तरता दिने प्रकृतिका, चेतनाको अभाव भएका तथा आयआर्जनको स्रोत न्यून भएका महिलाहरुलाई पहिलो प्राथमिकता दिई समितिले छनौट गर्नुपर्नेछ

**७. <u>गाउँ संजालको काम, कर्तव्य तथा अधिकारः</u>**

यस कार्यविधिको दफा ४.२ बमोजिम गठित गाउँसंजालको काम, कर्तव्य र अधिकारः

(१) ४.२ बमोजिम गठन भएको गाउँसंजालले महिलाहरुको सचेतना अभिवृद्धि गराई सक्षम नागरिक तयार गर्न सहयोग गर्ने ।

(२) गाउँपालिकामा रहेका एकल महिलाहरुको उमेर पहिचान गरी उमेरगत रुपमा क्षमता विकास तथा सिप विकास तालिममा सहभागी गराउने ।

(३) गाउँपालिका तथा वडास्तरमा बिनियोजन बजेट शिर्षक मार्फत सबै एकल महिलाहरुलाई सहभागी गराउन उत्प्रेरित गर्दै क्षमता विकास, आयआर्जन गर्ने सिपमूलक तालिम, गोष्ठी, प्रशिक्षण संचालनमा सहभागी हुने र आगामी आर्थिक वर्षका योजना, कार्यक्रमहरु जेष्ठ महिनाको मसान्तसम्म गाउँपालिकामा पेश गर्ने ।

(४) अन्य संघ संस्थाहरुबाट सम्बन्धित लक्षित वर्ग(एकल महिला)हरुलाई कुनै क्षमता विकास तथा आयआर्जन कार्यक्रम गर्न सहयोग प्राप्त भएमा सहभागी गराउने ।

(५) कार्यक्रम तथा योजनामा सहभागी गराउदा गरिब, विपन्न वर्गका तथा व्यवसायमा निरन्तरता दिने प्रकृतिका, चेतनाको अभाव भएका तथा आयआर्जनको स्रोत न्यून भएका महिलाहरुलाई पहिलो प्राथमिकता दिई संजालले छनौट गर्नुपर्ने छ ।

**८. वडा समितिका अध्यक्षको काम कर्तव्य र अधिकारः**

(१) वडा समितिको बैठकको अध्यक्षता गर्ने,

(२) वडा समितिको तर्फबाट गर्ने सम्पूर्ण कामको प्रतिनिधित्व गर्ने,

(३) वडा समितिलाई नेतृत्व गर्ने,

(४) अन्य आवश्यक कामहरु गर्ने ।

**९.<u>वडा समितिको उपाध्यक्षको काम, कर्तव्य र अधिकारः</u>**

(१) अध्यक्षलाई सहयोग गर्ने,

(२) अध्यक्षको अनुपस्थितिमा वडा समितिको बैठकको अध्यक्षता गर्ने,

(३) अध्यक्षले तोकेको अन्य काम गरी अध्यक्षलाई सहयोग गर्ने ।

**१०. <u>वडा समितिको सचिवको काम, कर्तव्य र अधिकारः</u>**

(१)अध्यक्षको सहमतिमा वडा समितिको बैठक बोलाउने,

(२)बैठकको उपस्थिति उठाई बैठक संचालन गर्ने,

(३) अध्यक्षले तोकेको अन्य काम गरी अध्यक्षलाई सहयोग गर्ने ।

(४) महत्वपूर्ण कागजातहरुको संरक्षण गर्ने

**११.<u>वडा संजालको कोषाध्यक्षको काम, कर्तव्य र अधिकारः</u>**

(१) अध्यक्षसँग सल्लाह गरी वडा समितिको आयव्ययको हिसाब दुरुस्त बनाइ लेखा परीक्षण गर्ने,

(२) वडा समितिको कोष सम्बन्धी अन्य काम गर्ने ।

**१२.<u>गाउँपालिका संजालको अध्यक्षको काम, कर्तव्य र अधिकारः</u>**

(१) गाउँपालिका संजालको अध्यक्षता गर्ने,

(२) गाउँपालिका संजालको तर्फबाट गर्ने सम्पूर्ण कामको प्रतिनिधित्व गर्ने,

(३) गाउँसंजाल तथा वडा समितिको नेतृत्व गर्ने,

(४) अन्य आवश्यक कामहरु गर्ने ।

**१३.<u>गाउँपालिका संजालको उपाध्यक्षको काम, कर्तव्य र अधिकारः</u>**

(१) अध्यक्षलाई सहयोग गर्ने,

(२)अध्यक्षको अनुपस्थितमा गाउँसंजालको बैठकको अध्यक्षता गर्ने,

(३) अध्यक्षले तोकेको अन्य काम गरी अध्यक्षलाई सहयोग गर्ने ।

**१४. <u>गाउँसंजालको सचिवको काम, कर्तव्य तथा अधिकारः</u>**

(१) अध्यक्षको सहमतिमा गाउँ संजालको बैठक बोलाउने,

(२) बैठकको उपस्थिति उठाई बैठक संचालन गर्ने,

(३) अध्यक्षले तोकेको अन्य काम गरी अध्यक्षलाई सहयोग गर्ने ।

(४) महत्वपूर्ण कागजातहरु सुरक्षा तथा संरक्षण गर्ने ।

**१५. गाउँसंजालको कोषाध्यक्षको काम, कर्तव्य र अधिकारः**

(१) अध्यक्षसँग सल्लाह गरी गाउँसंजालको आयव्ययको हिसाब दुरुस्त बनाइ लेखा परीक्षण गर्ने,

(२) गाउँसंजालको कोष सम्बन्धी अन्य काम गर्ने ।

**१६. गाउँसंजालका सम्पुर्ण सदस्यहरुले संजालको उद्देश्य प्राप्तीमा सदैव तल्लीन रही कार्य गर्ने ।**

**१७. कोषको व्यवस्थाः** एकल महिला गाउँसंजाल र एकल महिला वडा समितिको लागि कोषको व्यवस्था गर्न सकिनेछ ।

(१)कोषमा रकम जम्मा गर्नु भन्दा अगाडी खर्च मापदण्ड कार्यविधि बनाई खाता संचालन तथा स्थापना गरिनेछ ।

## परिच्छेद-३

## विविधः

**१८. निर्देशन दिन सक्नेः** (१) कार्यपालिका तथा सामाजिक विकास समितिले दिएको निर्देशन पालना गर्नु यस कार्यविधि बमोजिम गठित संजालको कर्तव्य हुनेछ ।

१९. **संरक्षक सम्बन्धी व्यवस्थाः** (१)गाउँ एकल महिला संजालको संरक्षक सामाजिक विकास समितिका संयोजक रहनेछ ।

(२) वडास्तरीय समितिको संरक्षक सम्बन्धित वडाका वडाअध्यक्ष हुनेछ ।

२०. **सहयोग गर्नुपर्नेः** यस कार्यविधि बमोजिम गठित संजालको काम कारवाहीको सम्बन्धमा आवश्यक सहयोग गर्नु सबैको कर्तव्य हुनेछ ।

२१. **मापदण्ड बनाउने अधिकारः** यस कार्यविधिको कार्यान्वयन गर्नको लागि सामाजिक विकास समितिको सिफारिसमा कार्यपालिकाले आवश्यक मापदण्डको तर्जुमा गर्न सक्नेछ ।

२२. **बाधा अड्काउ फुकाउनेः** यस कार्यविधिमा उल्लेखित प्रावधान कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

२३. **यसै कार्यविधि बमोजिम भए गरेको मानिनेः** गाउँपालिकाले यो कार्यविधि लागू हुनुभन्दा अघि गरेका एकल महिला सम्बन्धी कार्यहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ । यस कार्यविधिमा उल्लेख नभएका प्रक्रियाहरु अवलम्वन गर्दा एकल महिला सम्बन्धी प्रचलित नेपाल सरकार तथा प्रदेश सरकारको

कानूनमा भएको एकल महिला अधिकार संरक्षण, सम्वर्धन र प्रवर्धनका प्रक्रियाहरु अवलम्वन गर्न कुनै बाधा पर्ने छैन ।

२४. **<u>खारेजी तथा बचाउः</u>** एकल महिला सम्बन्धी प्रचलित नेपाल सरकार तथा प्रदेश सरकारको कानूनसँग यो कार्यविधि बाझिन गएमा बाझिएको हदसम्म अमान्य हुनेछ। तर यो कार्यविधि लागूहुनु भन्दा अघि सम्पन्न भइसकेका काम कारबाहीहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

**आज्ञाले**

**दिपक प्रसाद अधिकारी**

**प्रमुख प्रशासकीय अधिकृत**